# कम्प्युटर एशोसिएशन नेपाल महासंघ

# को

# प्रदेश संचालन

# निर्देशिका २०७७

**कम्प्युटर एशोसिएशन नेपाल महासंघ**
**प्रदेश संचालन निर्देशिका २०७७**

कम्प्युटर एशोसिएशन नेपाल महासंघ (क्यान महासंघ) को विधान २०७७ ( संशोधन सहित) को दफा १८ मा प्रदेश शाखाको गठन र गठन विधि सम्बन्धि व्यवस्था भएकोमा प्रदेश शाखालाई व्यवस्थित संरचनात्मक र कार्य सम्पादनका लागि सहज बनाउँदै प्रदेश शाखाको कार्य र भुमिका स्पष्ट पारी महासंघ, प्रदेश शाखा र जिल्ला शाखा विच समन्वय कायम गर्नका लागि आवश्यक नीतिगत ब्यवस्था गर्नु जरुरी भएकोले महासंघको विधानको दफा ५२ (१) ले दिएको अधिकार प्रयोग गरी महासंघको केन्द्रिय कार्य समितिले यो निर्देशिका बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो विनियमको नाम **“कम्प्युटर एशोसिएशन नेपाल महासंघ प्रदेश संचलान विनियम २०७७”** रहेको छ ।

(ख) यो विनियम तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :**

(क) “अध्यक्ष” भन्नाले क्यान महासंघको केन्द्रिय अध्यक्षलाई जनाउने छ ।

(ख) “केन्द्रिय कार्य समिति” भन्नाले महासंघको विधान २०७० को दफा १७ बमोजिम गठन भएको केन्द्रिय कार्यसमिति लाई जनाउँछ ।

(ग) “जिल्ला अध्यक्ष” भन्नाले जिल्ला शाखाको अध्यक्षलाई जनाउँछ ।

(घ) “जिल्ला शाखा” भन्नाले महासंघको विधान २०७० को दफा १९ बमोजिम गठन भएको जिल्ला शाखालाई जनाउँछ ।

(ङ) “प्रदेश अध्यक्ष” भन्नाले प्रदेश क्यान महासंघको अध्यक्षलाई जनाउँछ ।

(च) “प्रदेश कार्यसमिति” भन्नाले प्रदेश क्यान महासंघको कार्यसमितिलाई जनाउँछ ।

(छ) “प्रदेश क्यान महासंघ” भन्नाले महासंघको शंसोधित विधान २०७३ को दफा १८ बमोजिम गठन भएको प्रदेश शाखालाई जनाउँछ ।

(ज) "महासंघ" भन्नाले कम्प्युटर एशोसिएशन नेपाल महासंघको विधान बमोजिम गठित "कम्प्युटर एशोसिएशन नेपाल महासंघ" लाई जनाउँछ ।

(झ) "विधान" भन्नाले "कम्प्युटर एशोसिएशन नेपाल महासंघ" को विधान २०७० लाई जनाउँछ ।

**३. प्रदेश कार्यसमितिको गठनः**

(१) महासंघको संसोधित विधान २०७३ को दफा १८ बमोजिम प्रत्येक प्रदेशमा देहाय बमोजिमको प्रदेश कार्यसमिति गठन हुनेछ :

अध्यक्ष - १, निवर्तमान अध्यक्ष - १, उपाध्यक्ष - १, सचिव - १, सहसचिव - १ जना र कोषाध्यक्ष - १ जना र अन्य सदस्यहरु ।

(२) प्रदेश अध्यक्ष प्रत्यक्ष निवार्चन प्रणाली मार्फत निर्वाचित हुनेछन ।

(३) प्रदेश क्यान महासंघको अधिवेशनबाट ४ जना सदस्यहरु निर्वाचित हुनेछन् ।

(४) एक हजार भन्दा बढी साधारण सदस्य संख्या भएको प्रदेशमा थप १ उपाध्यक्ष रहन सक्नेछ ।

(५) निर्वाचित प्रदेश अध्यक्ष, निर्वाचित सदस्यहरु र अध्यावधिक रहेका जिल्ला शाखाका अध्यक्षहरु सहितको प्रदेश कार्यसमिति गठन हुनेछ ।

(६) प्रदेश अध्यक्ष हुनको लागि सम्बन्धित प्रदेश अर्न्तगत रहेको जिल्ला शाखा अध्यक्ष भई एक कार्यकाल अवधि पुरा गरेको वा एक पटक प्रदेश समितिको पदाधिकारी भएको वा केन्द्रिय कार्यसमिति सदस्य भई एक कार्यकाल पुरा गरी सोही प्रदेश अन्तर्गतको महाधिवेशन प्रतिनिधि हुनु पर्ने छ ।

(७) प्रदेश पदाधिकारीका निमित्त एक कार्यकाल जिल्ला अध्यक्ष भइसकेको वा एक पटक प्रदेश पदाधिकारी भइसकेको व्यक्ति हुनु पर्नेछ । कुनै कारणवश पदाधिकारी चयन हुन नसकेमा पदेन प्रदेश सदस्यबाट पदाधिकारी मनोनित गर्न सकिनेछ । तर मनोनितबाट आएका सदस्य सोही कार्यकालका लागि पदाधिकारीको योग्यता पुगेको मानिने छैन ।

(८) निर्देशिका ३ को ४ बमोजिमको कार्यसमितिले बहुमतीय प्रणालीको आधारमा निर्देशिका ३ को ३ बमोजिम निर्वाचित सदस्यहरु मध्येबाट उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्षको छनौट गर्नेछ ।

(९) प्रदेश अध्यक्षबाट एक जना महिला सहित महाधिवेशन प्रतिनिधि मध्येबाट तीन जना सदस्यहरुको मनोनयन गर्नेछ । कुनै प्रदेशमा महिला प्रतिनिधि नभएमा पुरुष प्रनिधिबाट मनोनित गर्न सकिनेछ । मनोनित गर्दा प्रदेश समितिको योग्यता पुगेको प्रतिनिधिहरु मध्ये बाट मनोनित गर्नु पर्नेछ ।

(१०) प्रदेश क्यान महासंघ गठन भएपश्चात गठन भएको जिल्ला शाखाका अध्यक्ष समेत प्रदेश कार्यसमितिको पदेन सदस्य हुनेछ ।

(११) प्रदेश महासंघको गठन प्रदेश अधिवेशनबाट हुने छ ।

(१२) प्रदेश अध्यक्ष र सदस्यको उम्मेदवारीको लागि मतदातमध्येबाट एक जना प्रस्तावक र एक जना समर्थक हुनु पर्नेछ । एक जना व्यक्ति निर्वाचित हुने संख्या भन्दा बढी संख्यामा प्रस्तावक वा समर्थक वस्न पाइने छैन ।

(१३) सम्वन्धित प्रदेशबाट केन्द्रीय कार्यसमितिमा निर्वाचित पदाधिकारी/सदस्यहरु प्रदेश कार्यसमितिका पदेन सल्लाहाकार हुनेछन । प्रदेश कार्य समितिले आवश्यक ठानेमा प्रदेश समितिका पूर्व अध्यक्ष तथा पूर्व केन्द्रिय पदाधिकारी/ सदस्यहरुलाई सल्लाहकार मनोनयन गर्न सक्ने छ ।

(१४) प्रदेश समितिको कार्यकाल/कार्यअवधि २ बर्षको हुनेछ ।

**४. प्रदेश क्यान महासंघको सचिवालय :**

(१) प्रदेश क्यान महासंघको एउटा सचिवालय हुने छ ।

(२) सचिवालय प्रदेश क्यान महासंधको साधारणसभाबाट तोकेको स्थानमा हुनेछ । तर प्रदेश क्यान महासंघको साधारण सभाबाट सचिवालय नतोकेसम्मको लागि नेपाल सरकारले तोकेको प्रदेशको केन्द्र रहेको स्थानमा प्रदेश महासंघको कार्यालय रहनेछ ।

(३) प्रदेश क्यान महासंघले कुनै जिल्ला शाखाको कार्यालयलाई समन्यवय गरी प्रदेश महासंगको सचिवालयको रुपमा तोकी कार्य गर्न सक्नेछ ।

**५. प्रदेश क्यान महासंघको साधारण सभा तथा अधिवेशन :**

(१) प्रदेश क्यान महासघंको साधारण सभा प्रत्येक वर्ष असोज महिना भित्र हुनेछ ।

(२) प्रदेश क्यान महासंघको साधारण सभा तथा अधिवेशनमा केन्द्रिय महाधिवेशन प्रतिनिहिरु नै उम्मेदवार वा मतदाता हुने छन् ।

(३) तोकिएको समयावधि भित्र कुनै जिल्ला शाखाको अधिवेशन हुन नसकेमा प्रदेश वा केन्द्रिय महाधिवेशनमा उक्त जिल्ला स्वत: पर्यवेक्षकको रुपमा रहनेछ ।

(४) प्रदेश क्यान महासंघको अधिवेशन हुने वर्ष सम्बन्धित प्रदेश अर्न्तगतका जिल्ला शाखाहरुले अनिवार्य रुपमा अधिवेशन गर्नु पर्ने छ ।

**६. प्रदेश कार्यसमितिको बैठक संचालन प्रक्रिया :**

(१) प्रदेशकार्यसमितिको बैठक  कम्तिमा २ महिनाको १ पटक अनिवार्य बस्नु पर्ने छ ।

(२) प्रदेश कार्यसमितिको बैठकको गणपुरक संख्या ५१ प्रतिशत हनेछ ।

(३) प्रदेश कार्यसमितिको बैठक बस्न नसकेको अवस्थामा कुनै विशेष निणर्य गर्नु परेमा अध्यक्षले पदाधिकारीहरुसंग राय लिई निर्णय गर्न सक्नेछ । तर लगतै उक्त निर्णयलाई कार्यसमितिले अनुमोदन गर्नुपर्ने छ ।

(४) प्रदेश कार्यसमितिको बैठक अध्यक्षले तोकेको स्थान र समयमा वस्नेछ ।

(५) प्रदेश कार्यसमितिको बैठकमा बहुमतको आधारमा निर्णय हुनेछ । मत बरावर भएमा अध्यक्षको मत निर्णयक हुनेछ ।

(६) प्रदेश कार्यसमितिको बैठक अनलाइल मार्फत समेत वस्न सकिनेछ । यसरी अनलाईन मार्फत बसेको बैठकको निर्णय समेत माइन्युट गरी अध्यक्ष र सचिवले प्रमाणित गर्नेछन् ।

(७) प्रदेश कार्यसमितिको बैठकमा लगातार विना जानकारी ३ पटक सम्म अनुपस्थित हुने पदाधिकारी वां सदस्यलाई प्रदेश कार्यसमितिले स्पष्टिकरण सोध्न तथा सचेत गराउन सक्नेछ ।

**७. प्रदेश क्यान महासंघको काम, कर्तव्य र अधिकार :**

(१) प्रदेश क्यान महासंघको काम कर्तव्य र अधिकार महासंघको विधानको दफा मा १९ (२) को अतिरिक्त देहाय बमोजिम हुनेछ ।

(क) क्यान महासंघको केन्द्रीय कार्यसमिति र जिल्ला शाखाबीच सम्पर्क र समन्वयको रुपमा कार्य गर्ने ।

(ख) महासंघको विधान अनुसारका उद्देश्य पूरा गर्ने कार्यक्रमको तर्जुमा गरी प्रदेश तहमा कार्यान्वयन गर्ने ।

(ग) प्रदेश सरकारसँग समन्वय गरी प्रदेश स्तरमा सूचना प्रविधि सम्बन्धि गोष्ठी, कार्यशाला प्रदर्शनी लगायतका कार्यक्रमहरु आयोजना गर्न समन्वय गर्ने ।

(घ) जिल्ला शाखाहरुको कार्यक्रम र गतिविधिहरुको अनुगमन, मूल्याङ्कन र सुपरिवेक्षण गर्ने ।

(ङ) जिल्ला शाखामा प्राप्त भएका सदस्य आवेदन उपर छानविन गरी योग्यता पुगेका सदस्यलाई सदस्यता प्रदान गरि अनुमोदनका लागि केन्द्रिय कार्यसमितिमा पठाउने ।

(च) प्रदेश सरकार तथा निकायहरुका सूचना तथा संचार प्रविधि सम्बन्धि नीतिगत कार्यहरुमा समन्वय र सहयोग गर्ने ।

(छ) प्रदेश सरकारले गठन गर्ने प्रदेश स्तरका समिति तथा उपसमितिहरुमा महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(ज) जिल्ला शाखाबाट मासिक, त्रैमासिक तथा बार्षिक रुपमा प्रतिवेदन प्राप्त गरी केन्द्रिय समितिमा पठाउने ।

(झ) प्रदेश समिति तथा सम्बन्धित जिल्ला शाखाहरुमा सम्पन्न भएको कार्यक्रमहरुको प्रतिवेदन मासिक रुपमा अनलाइन मार्फत केन्द्रमा पठाउने ।

(ञ) प्रदेश स्तरमा सूचना तथा संचार प्रविधिको विकास र विस्तारका लागि आवश्यकता अनुसार परियोजनाहरु संचालन गर्ने ।

(ट) केन्द्रिय समितिबाट प्राप्त निर्देशनहरु पालना गर्ने, गराउने ।

(ठ) केन्द्रिय कार्यसमितिबाट निर्णय भए अनुसार प्रदेश महासंघको साधारण सभा आयोजना गर्ने र जिल्ला शाखाहरुसँग समन्वय गरी साधारण सभा तथा निर्वाचनको संयोजन गर्ने ।

(ङ) प्रदेश क्यान महासंघको साधारण सभाले निर्णय गरेका विषयहरु केन्द्र संग समन्वय गरी कार्यन्वयन गर्ने ।

(२) प्रदेश क्यान महासंघले केन्द्रिय कार्यसमितिबाट प्राप्त निर्णय, निर्देशन तथा जानकारीहरु जिल्ला शाखा तथा आफ्ना मातहतका सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(३) प्रदेश क्यान महासंघले जिल्ला शाखालाई मासिक, त्रैमासिक तथा बार्षिक प्रतिवेदन तयार पार्न निर्देशन दिन सक्नेछ ।

(४) प्रदेश समितिले गरेका कुनै पनि निर्णयहरु सम्बन्धि प्रदेशबाट केन्द्रमा प्रतिनिधित्व गर्ने केन्द्रिय पदाधिकारी वा सदस्यलाई अनिवार्य जानकारी गराउनु पर्ने छ ।

**८. प्रदेश क्यान महासंघको अध्यक्ष परिषद् :**

(१) प्रदेश महासंघको हित तथा समुन्नतीको लागि समयानुकुल मार्ग दर्शन तथा समन्वय गर्न र सुझाव दिन देहाय बमोजिम प्रदेश अध्यक्ष परिषद् गठन हुनेछ :

(क) प्रदेश समितिका पूर्व अध्यक्षहरु - सदस्य

(ख) प्रदेश अध्यक्ष - सदस्य सचिव

(२) उपनियम (१) बमोजिम गठन भएको अध्यक्ष परिषद्को बैठकको अध्यक्षता प्रदेश समितिको संस्थापक अध्यक्षले गर्नेछन । निजको अनुपस्थितिमा सदस्य सचिव बाहेक अन्य सदस्यले बरियताक्रम (अध्यक्ष भएको कार्यकाल) को आधारमा बैठकको अध्यक्षता गर्नेछन् ।

(३) प्रदेश क्यान महासंघको उन्नती, प्रगति एवं बृहत्तर हितको लागि प्रदेश कार्य समितिलाई उपयुक्त सुभाव र सल्लाह दिनु अध्यक्ष परिषद्को प्रमुख कार्य हुनेछ ।

(४) प्रदेश अध्यक्ष परिषदको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(५) बैठक सम्बन्धि कार्यविधि प्रदेश समितिको अध्यक्ष परिषदले तोके बमोजिम हुनेछ ।

**९. प्रदेश क्यान महासंघको निर्वाचन समिति :**

(१) प्रदेश क्यान महासंघको निर्वाचनको लागि प्रदेश अधिवेशन हुनुभन्दा कम्तिमा १५ दिन अगावै प्रदेश कार्य समतिको बैठकबाट देहाय बमोजिमको एक निर्वाचन समिति गठन गरिनेछ ।

संयोजक १ जना र २ जना सदस्य ।

(२) निर्वाचन उपविनियम (१) बमोजिम समितिको संयोजक कानून व्यवसायी मध्येबाट र सदस्यहरु प्रदेश महासंघका सदस्य/काननू व्यवसायी मध्येबाट चयन गर्नुपर्नेछ ।

(३) उपविनयम (१) बमोजि निर्वाचन समिति गठन गरी सोको जानकारी निर्वाचन हुनुभन्दा ७ दिन अगावै केन्द्रीय कार्यसमितिमा दिनु पर्नेछ ।

(४) निर्वाचन समितिले प्रदेश संचालन विनियम र महासंघको विधानमा भएको ब्यवस्था बमोजिम  अध्यक्ष र पदाधिकारीहरुको निर्वाचन सम्पन्न गर्नेछ ।

(५) प्रदेश अध्यक्ष र सदस्यको उमेदवारी दर्ताको लागि उमेदवारी शुल्क प्रदेश निर्वाचन समितिले तोके बमोजिम हुनेछ ।

(६) प्रदेश अधिवेशनबाट निर्वाचित प्रदेश अध्यक्षलाई निर्वाचन समितिको संयोजकले सफत ग्रहण गराउने छन । प्रदेश समितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रदेश अध्यक्षले सफत गराउने छन ।

(७) निर्वाचन समिति सम्बन्धमा कुनै विवाद आएमा केन्द्रिय समितिले निर्णय गरे बमोजिम हुनेछ ।

**१०. प्रदेश महासंघको आर्थिक ब्यवस्थापन :**

(१) प्रदेश क्यान महासंघको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपविनियम १ बमोजिमको कोषमा देहाएका रकम आम्दानीको रुपमा बाँधिने छन् ।

(क) जिल्ला शाखाहरुले प्राप्त गरेको सदस्यता शुल्क र नविकरण शुल्कको १५% रकम ।

(ख) क्यान महासंघबाट प्राप्त कार्यालय संचालन र सचिवालय ब्यवस्थापनको रकम ।

(ग) क्यान महासंले प्रदान गर्ने बार्षिक कार्यक्रम खर्च, अनुदान तथा अन्य रकम ।

(घ) कार्यशाला, गोष्ठी, सेमिनार लगायतका कार्यक्रम संचालनको लागि कसैले स्वइच्छाले दिएको अनुदान वा सहायता रकम ।

(ङ) प्रदेश क्यान महासंघलाई प्राप्त भएका दान, चन्दा र सहायता ।

(च) स्वदेशी तथा विदेशी संघसंस्था, ब्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग रकम । तर विदेशी राज्य वा अन्राष्ट्रिय संघ संस्थाबाट सहयोग प्राप्त गर्नु अघि अनिवार्य रुपमा नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृती लिनु पर्नेछ ।

(छ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायहरु बाट प्राप्त हुने अनुदान वा सहयोग रकम ।

(ज) दान, दातब्य, प्रदर्शनी तथा सभा सम्मेलन शुल्क ।

(झ) प्रदेश क्यान महासंघले निर्णय गरी प्राप्त गरेको अन्य शुल्क ।

(ञ) प्रदेश क्यान महासंघलाई प्राप्त हुने अन्य रकम ।

(३) प्रदेश क्यान महासंघको नाममा प्रदेश कार्य समितिले निर्णय गरेको कुनै पनि बाणिज्य बैंकमा खाता खोली बैंक खाता संचालन गरीनेछ ।

(४) प्रदेश क्यान महासंघको खाता संचालन कोषाध्यक्ष अनिवार्य हुने गरी अध्यक्ष र सचिव मध्ये कुनै एकको हस्ताक्षरबाट हुने गरी खाता संचालन गरिनेछ ।

(५) प्रदेश क्यान महासंघको कोषको रकम महासंघको आर्थिक कार्यविधि अनुसार खर्च गर्नु पर्नेछ ।

(६) प्रत्येक आर्थिक बर्ष समाप्त भएको ४५ दिन भित्र कोषको आम्दानी तथा खर्चको लेखापरीक्षण गनुपर्नेछ र सोको प्रतिवेदन केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ ।

(७) कोषाध्यक्षले महासंघको हिसाव किताव दुरुस्त राख्नुपर्नेछ र आय व्ययको प्रतिवेदन साधारण सभामा पेश गर्नु पर्नेछ ।

(८) लेखापरीक्षकको नियुक्ति प्रदेश साधारणसभाबाट हुनेछ। साधारण सभाबाट नियुक्ति हुन नसकेको अवस्थामा प्रदेश कार्यसमितिले लेखापरीक्षक नियुक्ति गर्नेछ। यसरी गरिएको नियुक्ति साधारण सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

**११. केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिवीच समन्वय :**

(१) महासंघ र जिल्ला शाखाबीचको समन्वय र सम्पर्क सुत्रको रुपमा प्रदेश क्यान महासंघले भूमिका खेल्नेछ ।

(२) महासंघले गरेका निर्णय, निर्देशन, पत्राचार लगायतका जानकारी तथा विवरणहरु प्रदेश क्यान महासंघ मार्फत जिल्ला शाखामा पठाउने र प्राप्त गर्ने प्रणाली अपनाउनुपर्नेछ ।

(३) जिल्ला शाखाले प्रदेश क्यान महासंघ मार्फत महासंघलाई प्रतिवेदन, पत्राचार तथा जानकारीहरु प्रेषित गनुपर्नृछ ।

(४) जिल्ला शाखाको कार्यक्रम तथा गतिविधिहरुको प्रदेश समितिबाट निरन्तर रुपमा अनुगमन र सुपरिवेक्षण गनुपर्नेछ ।

(५) जिल्ला शाखालाई प्रदेश समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

(६) प्रदेश समितिले दिएको निर्देशन उपर चित्त नबुझेमा जिल्ला शाखाले केन्द्रीय कार्यसमितिका महासचिव मार्फत पुनरावदेन गर्न सक्नेछ ।

(७) केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिवीच समन्वयकारी भूमिकामा कुनै प्रश्न उठेमा प्रदेश अध्यक्षले केन्द्रीय समितिसँग समन्वय गरी टुङ्गो लगाउनेछ ।

**१२. सदस्यता प्रमाणिकरण :**

(१) प्रदेश क्यान महासंघले जिल्ला शाखाबाट प्राप्त सदस्यता उपर आवश्यक छानविन गरी सदस्यता प्रमाणिकरण गरि अनुमोदनका लागि केन्द्रीय समितिमा पठाउनेछ ।

(२) जिल्ला शाखामा सदस्ताको लागि आवेदन दिएका व्यक्ति तथा संस्थाहरुको विस्तृत विवरण जिल्ला कार्यसमितिले रुजु गरी सदस्यता प्रमाणिकरणको लागि प्रदेश कार्यसममितिमा सिफारि गर्नेछ । यसरी सिफारिश गर्दा सदस्यताको लागि प्राप्त कागजातहरु संलग्न राखी विस्तृत विवरण सहित पठाउनु पर्नेछ ।

(३) जिल्ला शाखाबाट प्राप्त भएको सदस्यता आवेदन सम्वन्धमा अध्यक्ष वा सचिवले सबै कागजात र विवरणहरु रुजु तथा जाँचबुझ गर्नु/गराउनु पर्नेछ ।

(४) उपविनियिम (३) बमोजिको विवरण प्राप्त गरेको ७ दिन भित्र रुजु तथा जाँच बुझ्र पश्चात सदस्यता प्रदान गर्न उपयुक्त भएका ब्यक्ति तथा संस्थाको सदस्यता प्रदेश समितिले प्रमाणिकरण गरि केन्द्रमा पठाउनु पर्ने छ ।

(५) उपविनियम (३) बमोजिम रुजु तथा जाँचबुझ्र गर्दा कुनै कैफियत भेटिएमा र सदस्यता प्रदान गर्न उचित नलागेमा सो को जानकारी ७ दिन भित्रमा सम्बन्धित जिल्ला शाखामा पठाउनु पर्नेछ ।

(६) जिल्ला शाखाले नयाँ सदस्यता प्रदान गरेको र सदस्यता नविकरण विवरण अध्यावधिक बनाई राख्नु पर्नेछ र सोको जानकारी प्रदेश कार्यसमितिमा पठाउनु पर्नेछ । जिल्ला शाखा ले प्रदेश समितिमा पठाएको विवरण को बोद्यार्थ केन्द्रिय समितिलाई पठाउनु पर्ने छ ।

(७) जिल्ला शाखाले प्रदान गरेको सदस्यता सम्बन्धमा कुनै उजुरी परेमा वा अनुचित तवरले सदस्यता प्रदान गरेको पाइएमा प्रदेश कार्यसमिलिते छानविन गर्न सक्नेछ । यसरी छानविन गरेको जानकारी केन्द्रिय कार्यसमितिलाई दिनुपर्नेछ ।

(८) प्रदेश कार्यसमतिले आफ्नो प्रदेश अन्तर्गतका जिल्ला शाखाको सदस्यता विवरण अध्यावधिक बनाई राख्नु पर्नेछ । जिल्ला शाखाबाट प्राप्त विवरणलाई प्रदेश समितिले आवश्यक कार्य पूरा गरि विवरण प्राप्त गरेको ७ दिन भित्र केन्द्रिय कार्य समितिलाई पठाई सक्नुपर्ने छ। समयावधि भित्र प्रदेश समितिबाट प्राप्त हुन नआएमा सम्बन्धित जिल्ला शाखाबाट प्राप्त बोद्यार्थलाई आधारमानि केन्दिय कार्य समितिले कार्य गर्न सक्नेछ ।

(९) क्यान महासंघले सदस्यता प्रदान र प्रमाणीकरण सम्बन्धमा तयार पारेको सफ्टवेयरको माध्यमबाट सदस्यताको आवदेन लिने, सदस्यता प्रदान गर्ने र प्रमाणीकरण गर्ने लगायतका सदस्यता सम्बन्धि कार्यहरु गरिनेछ ।

(१०) प्रदेश कार्यसमितिले जिल्ला शाखासँग समन्वय गरी सदस्यता शुल्क तोक्नेछ ।

(११) सदस्यता शुल्क सम्बन्धमा र सदस्यता प्रदान सम्बन्धमा अन्य कुराहरु विधान बमोजिम हुनेछ ।

**१३. अनुशासन र कारवाही :**

(१) क्यान महासंघको विधान तथा अनुशासनको पालना गर्नु प्रदेश क्यान महासंघ तथा जिल्ला शाखाका सबै सदस्यहरुको कर्तब्य हुनेछ ।

(२) प्रदेश महासंघले जारी गरेको निर्देशिका तथा नियम पालना गर्नु प्रदेश क्यान महासंघ र प्रदेश अन्तर्गतका जिल्ला शाखाको उपविनियम (१) बमोजिमको निर्देशिका केन्द्रिय समितिमा जानकारीका लागि पठाउनु पर्नेछ ।

(३) प्रदेश क्यान महासंघ अन्तर्गतका कुनै सदस्यले अनुशासन पालना गरे/नगरेको अनुगमन तथा त्यस सम्बन्धि सुनुवाई प्रदेश महासंघको अनुशासन समितिले गर्नेछ ।

(४) प्रदेश क्यान महासंघको अध्यक्ष परिषद्ले प्रदेश अनुशासन समितको रुपमा कार्य गर्नेछ ।

(५) अनुशासन समितिको सिफारिसमा प्रदेश क्यान महासंघले स्पष्टिकरण सोध्ने, निलम्बन गर्ने तथा सदस्यता खारेज गर्ने निर्णय गर्न सक्नेछ ।

(६) उपविनियम ५ बमोजिमको कारवाही गर्नु अघि सफाइको मौका दिनु पर्नेछ ।

(७) उपविनियम ५ बमोजिमको कारवाहीबाट मर्का पर्ने सदस्यले जानकारी पाएको मितिले ३५ दिन भित्र केन्द्रिय कार्य समितिमा पुनरावलोकनको लागि निवदेन दिन सक्नेछ । केन्द्रिय कार्य समितिले यस सम्बन्धमा गरेको निर्णय अन्तिम हुनेछ ।

**१४. प्रदेश क्यान महासंघको लोगो र छाप :**

(१) प्रदेश क्यान महासंघको एउटा लोगो र छाप हुनेछ ।

(२) उपविनियम (१) बमोजिम छाप र लोगो बनाउँदा क्यान महासंघ प्रदेश (नम्बर वा नेपाल सरकारले तोकेको नाम) भएको लेटर प्याड, छाप र लोगो बनाई विधानमा रहेको नमुना अनुसारको लोगो र छाप प्रयोग गर्नु पर्नेछ ।

**१५. बाधा अड्काउ फुकाउने व्यवस्था :-**

(१) यो विनियममा व्यवस्था भएका कुराहरु यसै विनियम बमोजिम हुनेछ ।

(२) यो विनियममा भएका ब्यवस्थाहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म बदर हुनेछ ।

(३) महासंघको विधानमा भएको ब्यवस्थाको सम्बन्धमा विधानमा भए बमोजिम हुनेछ ।

(४) यो विनियम कार्यान्वयनमा कुनै समस्या तथा बाधा उत्पन्न भएमा केन्द्रिय समिलिते निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(५) यो विनियमको पालना गर्नु महासंघका केन्द्रिय, प्रदेश तथा जिल्ला शाखाहरुको कर्तब्य हुनेछ ।

**(१६) खारेजी र बचाउ :**

(१) यस अघि क्यान महासंघ प्रदेश संचालन सम्बन्धि बनेका सम्पूर्ण निर्देशिका खारेज गरिएको छ ।

(२) यस अगाडि क्यान महासंघ प्रदेश संचालन सम्बन्धि बनेका निर्देशिका अनुसार गरेका काम कार्वाहीहरु यसै विनियम निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

**समाप्त**